प्रतिदिन ५६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १११ ॥ २०८१ जेठ १८ गते शुक्रबार (31st May 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

## छिमेकीबाटै बिर्तामोडकी विष्णुकुमारीको हत्या
# श्रीमान–श्रीमतीसहित पाँच जना पक्राउ



झापा(प्रस)। चोरी गर्न गएका छिमेकीले गरगहना लुटपाट गर्दै झापा बिर्तामोड नगरपालिका-४ शिवनगर निवासी ६७ वर्षीया विष्णुकुमारी विष्टको हत्या गरेको खुलेको छ। जिल्ला प्रहरी कार्यालय झापाले घटना भएको २३ दिनपछि घटनामा संलग्न पाँच जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ।

प्रहरीले हत्या आरोपमा घटनाका योजनाकार बिर्तामोड-४का २३ गंगाप्रसाद राजवंशी, उनकी श्रीमती २० वर्षीया वर्षा राजवंशी, मतियार सोही ठाउँका २३ वर्षीय महेश राजवंशी, चोरी गरेको गरगहना बेच्न सहयोग गर्ने बिर्तामोड-४ का ३३ वर्षीय ज्याक भन्ने भगीरथ माझी र चोरीको सामान किन्ने अर्जुनधारा नगरपालिका-६ स्थित हनुमान सुन-चाँदी पसलका सञ्चालक धनबहादुर कामी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाका एसपी मिलन केसीले जानकारी दिए। प्रहरीका अनुसार बैशाख २५ गते अन्दाजी साँझ ६ बजेको समयमा महेश र गंगाप्रसादले चोरी गर्ने योजना बनाएका थिए। उनीहरू फलामको मार्तोल र रेञ्च बोकेर मध्यरातमा सुमन राजवंशीको घरमा चोरी गर्न पुगेका थिए। त्यहाँ चोरी गर्न नसकेपछि उनीहरू फर्किए । त्यसपछि उनीहरू विष्णुकुमारीको घरमा गए।

महेश घरको पर्खाल बाहिर बसेर रेखदेख गरेको र गंगाप्रसाद विष्णुकुमारीको पर्खालभित्र प्रवेश गरेर घरको पश्चिमपट्टिको झ्याल खोली हेर्न खोज्दा विष्णुकुमारी फोनमा कुराकानी गर्दै थिइन् । विष्णुकुमारी काठमाडौँमा अध्ययनरत छोरा प्रकाश विष्टसँग कुरा गर्दै थिइन् ।

छोरासँग बोल्दाबोल्दै विष्णुकुमारीले घरमा चोर आएजस्तो छ भनेपछि गंगाप्रसाद पर्खालबाट हतपत हामफाली भागेका थिए । महेश पनि हातमा बोकेको मार्तोल नजिकै झाडीमा फालेर गंगाप्रसादकै पछि लागे। गाउँघरमा चोर आएको हल्ला चलेपछि छिमेकीहरू विष्णुकुमारीको घरमा एकाएक भेला भए।

सोही मौका छोपी उनीहरू डम्बरकुमारी प्रसाईंको घरमा चोरी गर्न पुगे । गंगाप्रसादले प्रसाईंको झ्यालबाट हात छिराई कालो रंगको झोला निकालेर झोलाभित्र रहेका अन्य सरसामान बाहिर पेटीमा फालेर नगद ७ सय, रड र रेञ्च सोही झोलाभित्र राखेर मकैघारीमा लगेर लुकाए । यति हुँदाहुँदै पनि उनीहरूमा चोरी गर्ने मनसाय रहिरह्यो । राति पौने १२ बजेको समयमा छिमेकीहरू आ-आफ्नो घर गएपछि विष्णुकुमारी पनि ढोका लगाएर कोठाभित्र गइन् । गंगाप्रसाद फेरि उत्तर-पूर्वतर्फको पर्खालबाट उनको घरमा छिरे। महेश पर्खालबाहिर नै बसेर पहरा दिइरहे । अन्दाजी राति १२:१० बजेको समयमा विष्णुकुमारी बाहिरको बत्ती बाली ढोका खोलेर शौचालय जाँदा गंगाप्रसाद घरभित्र छिरेर अन्दाजी एक घण्टा जति खाटमुनि लुकेर बसिरहे । एक घण्टा बितिसक्दा पनि बाहिर नआएपछि पर्खाल बाहिर गंगाप्रसादलाई कुरेर बसिरहेका महेश घर फर्किए।

विष्णुकुमारीले फोनमा कुराकानी गरी खाटमा गएर सुत्न खोज्दा सोही बेला गंगाप्रसाद कोठाबाट बाहिर निस्कन खोजे। विष्णुकुमारीले उनलाई देखेर चोर आयो भन्दै चिच्याइन् । चिच्याएपछि गंगाप्रसादले हातमा बोकेको रडले विष्णुकुमारीको टाउकोमा तीन पटक प्रहार गरी भुईंमा लडाए । उनले लगाएको गरगहना लछारपछार गरी निकाले र रडले दराज फोडेर त्यसभित्र रहेको सुन र मोबाइल पनि झोलामा राखे । टेबलमा रहेको साँचोले मूल ढोका खोली पश्चिमतर्फको पर्खालबाट बिहान अन्दाजी २:४५ बजे भागेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको एसपी केसीले बताए।

घर पुगेर गंगाप्रसादले मोबाइल स्विच अफ गरी सम्पूर्ण सामान खाटमुनि राखेको र मोबाइल घरको पाटाको सन्ठीको बोराभित्र राखेको एसपी केसीले बताए । घटना घटेको

❖ बाँकी अन्तिम पृष्ठमा


# शिवसताक्षी १ का वडा सचिव भट्टराईमाथि कुटपिट

• **विनोद सापकोटा,**

झापा । झापाको शिवसताक्षीमा सरकारी कर्मचारी कुटिएका छन् । सेवाग्राहीले शिवसताक्षी नगरपालिकाका कर्मचारी नन्दीकेशर भट्टराईलाई आफू अनुकूलको कागज तत्काल नमिलाइदिएको भन्दै कुटपिट गरेका हुन् । उनी वडा नम्बर १ का वडा सचिव हुन् । शिवसताक्षी नगरपालिका वडा नम्बर १ का वडा सचिव भट्टराई वडा कार्यालय परिसरमै पिटिएको घटनाका प्रत्यक्षदर्शीले बताए । उनीहरुले भने, 'वडा सचिवलाई दुईजना सेवाग्राहीले मिलाई मिलाई पिटे ।'

ईलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिश बुढाथोकीले वडा सचिवमाथि आक्रमण गर्ने स्थानीय सोमनाथ बजगाई र उनका दाजु घनश्याम बजगाईलाई पक्राउ गरिएको बताए । उनका अनुसार बुधवार दिउँसोको यो घटनाको सूचना पाउनेवित्तिकै उनीहरुलाई पक्राउ गरिएको हो।पक्राउ परेका दुवै जनालाई झापा जिल्ला अदालतमा कारबाहीका लागि मुद्दा दर्ता गरेर





वडा सचिव माथी भएको भौतिक आक्रमणका विरुद्धमा शिवसताक्षी नगरपालिकाका कर्मचारीहरुको तर्फबाट जारी गरिएको विज्ञप्ती ।

मिति २०८१/०२/१६गते दिउँसो २.०० बजे शिवसताक्षी नगरपालिका वडा न ०१ का वडा सचिव (सहायक पाँचौ) श्री नन्दिकेशर भट्टराई वडा कार्यालयको आफ्नै कार्यकक्षमा कामकाज गरिरहेको अवस्थामा शिवसताक्षी नगरपालिका वडा न १ बस्ने सोमनाथ बजगाँई र निजको दाजु घनश्याम बजगाँई जन्म दर्ता सच्याउनु पर्नेछ सच्याईदिनु भन्दै कार्यकक्षमा प्रवेश गरेका र कागजात अध्ययन गर्दा स्थलगत सर्जमिन बुझ्नु पर्ने देखिदा मिति २०८१/०२/१७ गते सर्जमिन बुझी प्रकृया अगाडी बढाईदिन्छु भन्दा भन्दै अहिले गरीदे, तुरुन्तै गरीदे भन्दै गाली गलौज गरेको र केही समय पछी कार्यकक्ष बाहिर निस्किएका र निजको कामका लागि मिति २०८१/०२/१७ मा स्थलगत सर्जमिन बुझ्न जाने कागजात तयार गरी चिया खान कार्यालयको परिसरमा रहेको क्यान्टिनमा पुग्दा निजहरु सोही स्थानमा बसीरहेको र वडा सचिव श्री नन्दिकेशर भट्टराईलाई देख्ने वित्तिकै गालीगलौज सहित भौतिक आक्रमण गर्न थालेको सोही बखत नजिकै रहनु भएको वडा नं १. का वडाध्यक्ष श्री लक्ष्मी प्रसाद चेम्जोङ्ग समेतले छुटयाउन खोज्दा समेत लगातार आक्रमण गरी वडा सचिवको पोशाक(सेतो सर्ट) च्यातिएको, टाउको झ्याकेको, शरिरमा मुड्कीले हानी कुटपिट समेत गरेको, यस प्रकारको नियोजित घटना प्रति शिवसताक्षी नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु उक्त नियोजित यो घटनाको घोर भत्सर्ना गर्दछौं ।

हामी कर्मचारीहरु सदैव सेवाग्राही र कार्यालय प्रति जवाफदेही हुँदै प्रचलित कानुनको परिधी भीत्र रही सेवा प्रवाह गरिरहेको ब्यहोरा सबैमा विद्धितै छ । हामी कर्मचारीहरुले प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्नु पर्ने हुन्छ यदि कानुनको उल्लङ्घन गरे कानुनले नै सजायको समेत ब्यवस्था गरेको सर्वविदितै छ ।

जनताको सबैभन्दा नजिकको कार्यालयमा रही अहोरात्र काम गर्ने राष्ट्रसेवक कर्मचारी माथी भएको यस प्रकारको नियोजित तथा कानुनलाई हातमा लिई कानुन लाई नै चुनौती दिदै कार्यालय परिषरमै भौतिक आक्रमण गर्ने दोषी उपर कडा भन्दा कडा कारवाहीको माग गर्दछौं । साथै सहजगरी जनताको काम गर्ने वातावरण सृजना गरिदिन हुन नगरपालिका, स्थानीय प्रसाशन समेतका सम्वद्ध निकायहरुमा जोडदार माग गर्दछौं ।

थप अनुसन्धान गर्न इलाका प्रहरी कार्यालय झिलझिलेको हिरासतमा राखिएको छ।

शिवसताक्षी नगरपालिकाका सहायक सूचना अधिकारी डिल्ली नेपालले वडा कार्यालयको क्यान्टिनमा वडा सचिव भट्टराईमाथि टाउको, अनुहार, शरीरका विभिन्न भागमा मुक्का प्रहार गरेको बताए ।कर्मचारी आक्रमण गर्नेलाई हदैसम्मको कारबाहीको माग गर्दै शिवसताक्षी नगरपालिकाका कर्मचारीले विज्ञप्तिमार्फत प्रशासनसंग माग गरेका छन् ।

जन्मदर्ता सच्याउनका लागि बजगाई दाजुभाई वडा कार्यालयमा गएका थिए । नौ वर्ष अगाडि बनाएको जन्मदर्तामा बाबुको थरबाट जन्मदर्ता बनेको थियो। उक्त जन्मदर्ता तत्कालीन धरमपुर गाविस सचिव पूर्ण शम्सेर कुँवरले बनाइदिएका थिए ।

आवेदक बजगाईले अहिले आफ्ना नानीको जन्मदर्तामा आमाको थर पनि समावेश गर्न माग गर्दै निवेदन दिएका थिए । बजगाईकी श्रीमती कुईकेल हुन् । जन्मदर्तामा कुईकेल थर समावेशका लागि बजगाईले वडा अध्यक्षसमक्ष निवेदन दिएका थिए । उक्त निवेदनमा वडा अध्यक्ष लक्ष्मी चेम्जोङले नियमानुसार जन्मदर्ता सच्याइदिन सचिव भट्टराईलाई तोक आदेश दिएका थिए ।

वडा अध्यक्ष चेम्जोङले सच्याइदिनु भन्ने तर,सचिवले नटेर्ने भन्दै बजगाई दाजुभाईले सचिव भट्टराईमाथि मुक्का प्रहार गरेको शिवसताक्षी नगरपालिकाले जनाएको छ । जन्मदर्ता दर्ता भएको मितिले १ वर्षमा सच्याउन पाईने कानुनी प्रावधान छ । तर, ९ वर्षअघिको काजगपत्र सच्याउन यतिवेला वडा सर्जमिन गर्नुपर्ने स्पष्ट व्यवस्था छ । कुटपिटबाट घाइते बनेका भट्टराईको बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा उपचार भइरहेको छ ।

# करेन्ट लागेर एकजनाको मृत्यु

झापा(प्रस) । झापाको दमकमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ ।

बिहीवार बिहान अन्दाजी ९.१५ बजेको दमक नगरपालिका २ बस्ने बर्ष ६२ का खगेन्द्र राईलाई आफ्नै दुईतले घरको माथिल्लो तलामा टिनको ट्रस्ट लगाउने क्रममा बिजुलीको पोलको तारमा टिन छुन गई करेन्ट लागेको थियो । घाईतेको आम्दा अस्पताल खरखरे दमकमा ल्याई उपचार भइरहेको बिहान १०.१४ बजे मृत्यु भएको दमक प्रहरीले जनाएको छ ।



प्राधिकरण कार्यालयको लापरवाहीका कारण राईको मृत्यु भएको भन्दै मृतकका आफन्तहरुले प्राधिकरणको दमक वितरण केन्द्रमा दबाब दिएका थिए। उनीहरुले मृतक परिवारले राहत पाउनुपर्ने माग गरेका थिए । दमक नगरपालिका प्रमुख रामकुमार थापा, दमक नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष प्रजापति सापकोटा, दमक बिद्युत कार्यालयका प्रतिनिधि, मृतक पक्षका आफन्तसमेत बसेर भएको छलफलमा तीनबुँदे सहमति भएको छ ।

नगरपालिकाले किरिया खर्चवापत ५० हजार दिने , बिद्युत कार्यालयले तत्काल ३० हजार दिने र उपल्लो बिद्युत कार्यालयसंग धेरैभन्दा धेरै क्षतिपूर्ति उपलव्ध गराउनको लागि स्थानीय निकाय, बिद्युत प्राधिकरणले संयुक्त रुपमा माग गर्ने सहमति भएको दमक प्रहरीले जनाएको छ ।

# सैनिक बस्तीका बासिन्दालाई पिउने पानीको प्रवन्ध हुँदै

• **विनोद सापकोटा,**

झापा(प्रस) ।शिवसताक्षी १० सैनिक बस्तीका स्थानीयलाई पिउने पानीको प्रवन्ध हुने भएको छ । उपभोक्ताले पिउने पानीका लागि इच्छा देखाए उनीहरुको निवेदन दर्ता भएको १ घण्टामा पिउने पानीको व्यवस्था गर्न वडा कार्यालय र स्थानीय उपभोक्ता समिति तयार भएका हुन् ।

स्थानीय तथा राष्ट्रिय स्तरका संचारमाध्यममा सैनिक बस्तीका स्थानीयले पिउने पानी नपाएको विषयमा समाचार प्रकाशन भएपछि सरोकारवाला निकायले चासो देखाएका हुन् । वडा अध्यक्ष हर्कधन सिगुले पिउने पानीको समस्याको समाधान गर्न वडा कार्यालय तयार रहेको बताए । 'प्राविधिक कारणले उपभोक्ता समितिले सो बस्तीमा पानी नदिएको हुनसक्छ । तर, स्थानीयले बोलेजस्तो नेपाल सरकारका तीनवटै तहले पानी नदिएको भन्ने चाहिँ गलत हो ' उनले भने, 'नेताले पानी दिने होइन । प्रकृया पुग्यो र उपभोक्ताले चासो देखाए सरकारी तथा गैरसरकारी निकायले घर-घरमा पानी पुर्याउँछन् । यसमा समस्या के छ र ?'



स्थानीय खानेपानी उपभोक्ता समिति र समस्यामा रहेका उपभोक्तासंग आवश्यक छलफलपश्चात् पिउने पानीको अविलम्ब व्यवस्था गरिने वडा अध्यक्ष सिगुले बताए । उनले भने, 'उपभोक्ताले पहिलो नम्बरमा इच्छा देखाउनु पर्यो । मानिसको पहिलो आधारभूत आवश्यकताभित्र पर्ने पिउने पानीको व्यवस्था मिलाउन वडा कार्यालयलाई कुनै भारी छैन ।'

सैनिक बस्तीको करिव ५० मिटर दूरीमा सैनिकबस्ती खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पानी संचालनमा छ । त्यो पानी स्थानीयले उपभोग गर्न सक्ने सो उपभोक्ता समितिका अध्यक्ष मोहनबहादुर कार्कीले बताए । 'समितिमा निवेदन दिएको १ घण्टामा घर-घरमा पानी हामी पुर्याउँछौं ।' उनले भने ।

सो बस्ती सैनिक बस्ती नामले परिचित भएपनि तत्कालीन सरकारले त्यहाँ सुकुम्बासी ल्याएर राखेको थियो । कनकाई नदीमा आएको बाढीले घरखेत बगाउँदा ०५२ सालदेखिका पीडित त्यहाँ ल्याएर राखिएका छन् ।स्थानीय बसेको जग्गा नेपाल सरकारको हो ।

स्थानीयका अनुसार ९० घर सुकुम्बासी छन् । तीमध्येका केही घरमा सैनिक बस्ती खानेपानी तथा सरसफाई उपभोक्ता समितिद्वारा संचालित खानेपानी पुगेको छ । स्थानीय धनकुमार ढकाल भन्छन्, ' केही परिवार अति विपन्न छन् । ती परिवारको भान्सामा कसरी पिउने पानी पुर्याउनु पर्छ भन्ने विकल्प खोजिदैछ ।'

स्थानीय ताला सोरेनले भनिन, ' पच्चिस हजार सदस्यता शुल्क हामी सुकुम्बासीले कसरी भुक्तानी गर्न सक्छौं ? घरमा पानी लैजानका लागि पाईप लगायतका सामग्री खरिद गर्ने पैसा नहुँदा पिउने पानीबाट बञ्चित हुनुपरेको हो । अब २५ हजार मैले कहाँबाट ल्याउनु ? सरकारले कि मर भन्नु पर्यो कि मार्नुपर्यो ।'



# अनारमनी वितरण केन्द्रमा सुविधासम्पन्न महशुल केन्द्र



बिर्तामोड(प्रस) । नेपाल विद्युत प्राधिकरणको अनारमनी वितरण केन्द्रमा सुविधासम्पन्न इन्डोर महशुल केन्द्र निर्माण गरिएको छ ।

जसको बिहीवार एक कार्यक्रमका बीच नेपाल विद्युत प्राधिकरण कोशी प्रदेश प्रादेशिक कार्यालयका प्रमुख उमेशकुमार झाले उद्घाटन गरे ।

महशुल बुझाउन आउने ग्राहकहरुलाई कुनै पनि समस्या नहोस् भन्ने उद्धेश्यले सुविधासम्पन्न इन्डोर महशुल केन्द्र निर्माण गरिएको अनारमनी वितरण केन्द्रका प्रमुख संजीवकुमार शाहले बताए । महशुल संकलन केन्द्रमा ग्राहकहरुका लागि तातो र चिसो पानी पिउने व्यवस्था , पंखा , मोबाइल चार्ज , टेलिभिजन , वाइफाईलगायतका सुविधा उपलब्ध गराइएको उनले जानकारी दिए । टोकन प्रणालीको व्यवस्था रहेको अनारमनी वितरण केन्द्रको महशुल केन्द्रमा पाँचवटा काउन्टर रहेका छन् ।

महशुल केन्द्रको उद्घाटन गर्दै प्राधिकरणका कोशी प्रदेश प्रादेशिक कार्यालयका प्रमुख झाले ग्राहकलाई सेवा प्रवाहमा सहजता दिनु नै सेवा प्रदायक निकायको पहिलो प्राथमिकता हुनुपर्नेमा जोड दिए । अनारमनी वितरण केन्द्रका प्रमुख शाहको अध्यक्षतामा भएको कार्यक्रममा प्रादेशिक कार्यालयका लेखा प्रमुख महादेव भट्टराई , भद्रपुर वितरण केन्द्रका प्रमुख राजमणि बजगाई , अनारमनी वितरण केन्द्रका आय प्रमुख गणेश पौडेल , कर्मचारी युनियनका दुर्गाप्रसाद पोखरेललगायतले शुभकामना मन्तव्य राखेका थिए । लेखा अधिकृत विकास दाहालले स्वागत मनतव्य राखेको कार्यक्रमको संचालन प्रशासन प्रमुख प्रकाश विकले गरेका थिए । त्यस अवसरमा ज्येष्ठ ग्राहक प्रेमसागर सापकोटालाई मायाको चिनोसहित सम्मान गरिएको थियो । अनारमनी वितरण केन्द्रअन्तर्गत करिव ९६ हजार ग्राहक रहेका छन् । त्यसमध्ये ५५ प्रतिशतले अनलाइन र ४५ प्रतिशतले महशुल केन्द्रमा आई महशुल भुक्तानी गर्ने गरेका छन् । तर, ठूलो रकम महशुल केन्द्रमै आएर बुझाउने गरेको वितरण केन्द्रले जनाएको छ । कुल महशुलको ६५ प्रतिशत काउन्टरबाट र ३५ प्रतिशत अनलाइनबाट संकलन हुने गरेको छ ।

# एमाले कनकाईको अध्यक्षमा ओझा निर्वाचित



सुरुङ्गा (प्रस) । नेकपा एमाले कनकाई नगर कमिटीको अध्यक्षमा गोकर्ण ओझा निर्वाचित भएका छन् ।

दोस्रो नगर अधिवेशनमा भएको निर्वाचनबाट ३०२ मत प्राप्त गर्दै ओझा अध्यक्षमा निर्वाचित भएका हुन् । ओझाका प्रतिस्पर्धी छविलाल थपलियाले २०४ मत प्राप्त गरेका छन् भने अर्का प्रतिस्पर्धी तुलाराम बस्नेतले १४८ मत पाएको निर्वाचन समितिले जनाएको छ ।

त्यस्तै उपाध्यक्षमा १८१ मत प्राप्त गर्दै घनश्याम पौडेल विजयी बनेका छन् । उपाध्यक्षका अन्य प्रत्यासीहरु इन्द्र पुलामी मगरले ८४ , ऋषिकेश खतिवडाले १२४ , देवीप्रसाद उप्रेतीले १४१ र प्रेमबहादुर कटुवालले १५० मत प्राप्त गरेका छन् ।

त्यस्तै सचिव पदमा २९५ मत प्राप्त गरी प्रकाश शिवाकोटी निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धीहरु विश्वविजय खरेलले १५९, मिनाल तिम्सिनाले १०२ र खिनमाया आचार्य खतिवडाले ९७ मत प्राप्त गरेका छन् ।त्यस्तै उपसचिवमा खुल्लातर्फ ख्यामप्रसाद ओली ३९१ मत प्राप्त गर्दै विजयी बनेका छन् । उनका प्रतिस्पर्धीहरु शुक्रराज भण्डारीले १८५ र नविनकुमार राईले ६६ मत ल्याएका छन् ।

महिला उपसचिवमा राधिका ओली कडरियाले सर्वाधिक मत ४७९ ल्याएर विजेता बनेकी छन् । उनका प्रतिस्पर्धी विन्दा थापाले १६४ मत प्राप्त गरेको निर्वाचन समिति संयोजक तारादेवीबाराकोटीले जानकारी दिएकी छन् । निर्वाचनमा जम्मा ६८१ मत खसेको थियो ।

## अक्षय...

सो विद्यालयले जनाएको छ।

यस्तै कक्षा आठबाट उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने एक-एकजना छात्र छात्रालाई जनही चार / चार हजार वार्षिक छात्रवृत्ति प्रदान गर्ने बताइएको छ ।

ओझा दम्पत्तीले जम्मा गरेको अक्षयकोष आगामी शैक्षिक सत्र २०८१/ ०८२ देखि लागू हुने सो विद्यालयका प्रधानाध्यापक निरौलाले बताए । यसअघि सो विद्यालयमा पूर्व प्रधानाध्यापक दीपककुमार न्यौपानेले पनि दिवंगत बुबाआमाको स्मृतिमा अक्षकोष स्थापना गरी विद्यार्थीलाई वर्षेनि छात्रवृत्ति प्रदान गर्दै आएका थिए । न्यौपाने परिवारले अक्षय कोषमा जम्मा गरेको रकमको ब्याजबाट सो विद्यालयमा कक्षा १२ उत्तीर्ण एक-एक छात्र छात्रलाई छात्रवृत्ति प्रदान गर्दै आएका छन् ।

सामुदायिक विद्यालय सुधार कार्यक्रममा समुदायका मानिस सक्रिय हुन थालेपछि झिलझिले माविको भौतिक पूर्वाधारसहित शैक्षिक गुणस्तर पनि सुधार हुन थालेको छ। नेपाली र अंग्रेजी माध्यमबाट अध्यापन हुने सो विद्यालयमा पछिल्ला दुई वर्षमा अत्याधुनिक पूर्वाधार निर्माण भइसकेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम ढुङ्गानाले भने,' स्रोत र साधनको पहिचान गरेर आवश्यकीय वस्तुको निर्माण गर्न विद्यालय व्यवस्थापन समिति सधैँ तयार रहेको छ । मानिसले चाह्यो भने हुने रहेछ भन्ने उदाहरण झिलझिले माध्यमिक विद्यालयको व्यवस्थापन समितिले देखाएको छ ।' यसैमा आफूलाई खुसी लागेको उनले बताए ।

## छिमेकीबाटै..

बिहान धेरैबेर बितिसक्दा पनि विष्णुकुमारीले गेट नखोलेपछि छिमेकी श्रीप्रसाद सिटौलाले घरमा हेर्न जाँदा सुत्ने कोठाको उनी भुईंमा रक्ताम्य अवस्थामा फेला परेकी थिइन् ।

सिटौलाले तत्काल उनका छोरा प्रकाशलाई फोन गरे । घटनाको बारेमा होहल्ला भएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले अनुसन्धानका लागि धरानबाट तालिमप्राप्त कुकुर पनि मगाएको थियो । अनुसन्धानको क्रममा प्रहरीले घटना घटेको भोलिपल्टै बैशाख २७ गते गंगाप्रसादलाई सोधपुछको लागि प्रहरी चौकी विर्ताबजारमा लगेको थियो । प्रमाण नपुगेपछि प्रहरीले सोधपुछ गरेर उनलाई छाडिदियो। बैशाख २८ गते दिउँसो गंगाप्रसादले औंठी झिकी अन्य सामान घरको दक्षिणतर्फ धारा भएको नालाको स्लेबमुनि लुकाई राख्दा उनकी श्रीमती वर्षाले समेत देखेकी थिइन् । त्यसपछि केन्द्रीय अनुसन्धान ब्युरो, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर ,जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय बिर्तामोडको संयुक्त टोलीले विशेष अनुसन्धान गरी गंगाप्रसादलाई पक्राउ गरेको थियो । गंगाप्रसादले सुनको औंठी ज्याक भन्ने भगीरथ माझीको सहयोगमा हनुमान सुन-चाँदी पसलका सञ्चालक धनबहादुर कामीलाई २० हजारमा बेचेको बयान समेत प्रहरीलाई दिएको एसपी केसीको भनाई छ ।







## पृथ्वी सबैको साझा घर हो ।
## वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।
## मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरुः

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिड्डुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिड्डुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागि:

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३

रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।



## तपसिलमा उल्लेखित ऋणीको धितो रहेकोचल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८१/०२/१८

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ७ दिने सूचना प्रकाशित गरिएको छ। यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **७ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **८ औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शखा कार्यालयः दुधे**<br>**ऋणी/धितो जमानीकर्ताः** नाम :- जिवन गिरी<br>बाबु :- रामचन्द्र गिरी<br>बाजे :- नरनाथ गिरी<br>ना.प्र.नं :- २७२७/५९४२/मोरङ्ग<br>नागरिकता जारी मिति :- २०५२।०४।२२<br>ठेगानाः- मोरङ्ग जिल्ला शनिश्चरे गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल शिवसताक्षी न.पा. वडा नं.९, दूधे बस्ने । | **ब्यक्तिगत ओडी, डिमान्ड र घर कर्जा** | जिवन गिरीको नाममा झापा जिल्ला, मा.पो.का दमकमा दर्ता कायम रहेको झापा जिल्ला, शिवगंज गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ८५४७ (आठ हजार पांचसय सङ्चालिस) को क्षेत्रफल ०-०-१२ (बि.क.धु.) भएको जग्गा, सो जग्गामा निर्मित घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगत जमानतकर्ता** | | |
| | नाम : कामना गिरी<br>बाबू : सुरेन्द्र ढकाल<br>पति : जिवन गिरी<br>ना.प्र.नं :-१८८६८/८३१/मोरङ्ग<br>नागरिकता जारी मिति :-२०६१।१०।०३<br>ठेगानाः- मोरङ्ग जिल्ला शनिश्चरे गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल शिवसताक्षी शिवसताक्षी न.पा वडा नं.९, दूधे बस्ने । | | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सार्वजनिक स्थलमा धूमपान नगरौं

धूमपान गर्ने व्यक्तिले फालेको धुवाँ हावामा उसको वरपर रहेको व्यक्तिले लिनुलाई निष्क्रिय धूमपान भनिन्छ । चुरोटबाट निस्कने धुवाँमध्ये २५ प्रतिशत धूमपान गर्ने व्यक्तिले लिन्छ र ७५ प्रतिशत हावामा फ्याल्ने गर्छ जुन निष्क्रिय धूमपानकर्ताले सेवन गर्छन् । हावामा फालिएको धुवाँमा धूमपान गर्ने व्यक्तिले तानेको धुवाँमा भन्दा दुई गुणा निकोटिन, तीन गुणा कार्बन टार, पाँच गुणाभन्दा बढी कार्बन मोनोअक्साइड र ५० गुणाभन्दा बढी क्यान्सरजन्य रसायन हुन्छन् । फलस्वरूप निष्क्रिय धूमपानकर्ता पनि धूमपानसम्बन्धी थुप्रै प्राणघातक रोग लाग्ने जोखिममा रहन्छन् । निष्क्रिय धूमपानले गर्भको शिशुदेखि वृद्धवृद्धा सबैलाई असर पार्छ । एक खिल्ली चुरोट करिब १२ मिनेटसम्म बल्छ भने चुरोट पिउनेले एक मिनटमा दुई सर्को मात्र तान्छ र त्यसैमा पनि बाहिर हावामा फ्याँक्छ जसले गर्दा वरपरका सबै व्यक्तिले आफ्नो इच्छाविपरीत र अन्जानमा निरन्तर धुवाँ सेवन गर्न पुग्छन् र सक्रियसरह हानिको भागेदार हुन्छन् । धूमपानको धुवाँमा २०० भन्दा बढी विषालु र ५० भन्दा बढी क्यान्सरका रसायन पाइन्छन् । चुरोट खाने व्यक्तिसँगै बस्नेलाई समेत फोक्सोको क्यान्सर हुने सम्भावना ३० प्रतिशत बढी हुने तथ्याङ्कले देखाएको छ । त्यसै गरी चुरोटको धुवाँले वयस्कलगायत बालबालिकामा समेत दम, ब्रोङकाइटिस, निमोनिया, श्वासप्रश्वासको अन्य सङ्क्रमण र कानको सङ्क्रमण बहिरोपना गराउँछ । बालकहरू ख्याउटे, स्वाँ–स्वाँ गरिरहने, कान पाक्ने, कान नसुन्ने, सुकुटे हुनुका साथै सक्रिय धूमपानकर्तामा झैं अन्य रोग देखिन्छन् ।

धूमपानले स्वास्थ्यमा प्रतिकूल असर पार्छ नै त्यति मात्र नभई आर्थिक, सामाजिक, पारिवारिक र वातावरणीय दृष्टिकोणले पनि ठुलो नोक्सानी पुऱ्याउँछ । सुर्ती रोपेदेखि सुर्तीजन्य पदार्थ उत्पादन गर्ने क्रममा कैयौं कामदार अम्मली बन्छन्, जसबाट अम्मली व्यक्तिको खर्च बढी परिवारका लागि आवश्यक गाँस, बास र कपासको व्यवस्थापनमा असर पार्छ र कलह निम्त्याउँछ । फलस्वरूप सामाजिक कुसंस्कारमा फस्छन् । सुर्तीजन्य पदार्थले कम्पनीलाई मुनाफा, राष्ट्रलाई राजस्व दिन्छ तर अम्मली तथा उसका साथी, परिवार, समाजलाई केवल कष्टकर प्राणघातक रोग र मृत्यु मात्र दिन्छ ।

समस्या समाधानमा सहयोग पुऱ्याउन सुर्ती सेवनबाट उत्पन्न जटिलता, खतरा, सुर्ती एवं चुरोट उत्पादक कम्पनीहरूको व्यापारिक नीति तथा सुर्ती मन्दविष र कडा लागुपदार्थ हेरोइन, कोकिनको प्रवेशद्वार भएको बारे आमनागरिकलाई जानकारी गराई सुर्ती सेवन निरुत्साहित पार्नु पर्छ । अहिलेको डरलाग्दो अवस्थालाई कम गर्न वा निर्मूल गर्न विश्व स्वास्थ्य संठनद्वारा हरेक वर्षझैं यस वर्ष पनि मे ३१ मा 'सुर्ती उद्योगको प्रभावबाट बालबालिकालाई बचाऔं' भन्ने नाराका साथ मनाइँदै छ । एकातिर बालबालिका, स्कुले छात्रछात्रामा लत बस्न नदिनु हो भने अर्कोतिर लत बसिसकेकालाई लत छोडाउनु तथा रोगीलाई उपचार गर्नु पनि हो । तैपनि उपचार गर्न अम्मल हटाउनुभन्दा लत लाग्न नदिनु नै श्रेयष्कर हुन्छ ।




# श्रमसँग जोडिने शिक्षा



• प्राडा एकारत्न आचार्य

विगत केही वर्षदेखि युवा विद्यार्थी पढ्ने, कमाउने र विभिन्न पेसा तथा रोजगारका लागि विदेशिने क्रम बढ्दो छ । त्यसो त धेरै पहिलेदेखि नै नेपाली कामको खोजीमा भारतलगायत केही अन्य देशमा जाने परम्परा थियो । सो क्रम झिनो वा सानो थियो भने अहिले बढ्दो क्रममा छ । लाहुरे हुने रहर र घरायसी बाध्यताले पनि कामको खोजीमा मुग्लान पस्ने गरेको पाइन्थ्यो । पछाडिका वर्षमा भारतबाहेक मलेसिया, खाडी मुलुक, साउदी अरब, कतार, दुबई, अरब इमिरेट्स, पाकिस्तान, माल्दिभ्स, बङ्गलादेश आदि र केही विकसित मुलुक अमेरिका, बेलायत, सिङ्गापुर, हङकङ, जर्मनी, इटाली, जापान र विभिन्न युरोपियन मुलुकमा जाने क्रम बढेको छ ।छिमेकीका छोराछोरी निजी तथा बोर्डिङमा पढेको देखेर, ऋण काढेर र सहर पसेर पनि छोराछोरी बोर्डिङ स्कुलमा पढाउने थालनी विगत दुई दशकदेखि क्रमशः बढेको देखिन्छ । एसइई वा स्कुल शिक्षापछि उच्च शिक्षाका नाममा सहर बजार पढ्न जाने, पठाउने क्रम बढ्दो छ । अहिले प्लसटुका लागि वा सो भन्दा उच्च शिक्षाका लागि भनेर सहर बजार पढ्न जाने, पठाउने क्रम बढ्दो छ ।

सरकारले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरिसकेको छ । शिक्षा र युवा तथा खेलकुदका क्षेत्रमा विजियोजित बजेटबाटै युवालाई स्वदेशमै राख्ने कार्यक्रम बनाई देश विकास गर्न युवा उत्थान कार्यक्रम घोषणा गर्नु पर्छ । खास गरी शिक्षासँग विमुख गरिएका कार्यक्रमका खर्चमा समस्या आउने र कार्यक्रम फलदायी नहुने भएकाले श्रममुखी शिक्षासँग आबद्ध गर्न शिक्षालयलाई अनिवार्य रूपमा जोड्नु राम्रो हुन्छ । सो आधारमा केही पहिचान गर्न लायक केही अवधारणागत क्षेत्र यहाँ उल्लेख गरिएको छ ।

कृषक उत्थान कार्यक्रम : कृषि शिक्षामा आबद्ध विद्यार्थी ।

स्थानीय विद्यालयमा शिक्षण प्रवोधिकरण कार्यक्रम : शिक्षामा आबद्ध र पठनपाठनमा रुचि राख्ने विद्यार्थी ।

स्थानीय विकास, शान्तिसुरक्षा, राजनीतिक चेतना अभिवृद्धि, सुशासन तथा जनाधिकार प्रशिक्षण कार्यक्रम : व्यवस्थापन, तथा वाणिज्य, कानुन, मानविकी तथा सामाजिक क्षेत्रमा आबद्ध विद्यार्थी ।

जनस्वास्थ्य तथा सडक सुरक्षा तथा स्वास्थ्य कार्यक्रम : चिकित्साशास्त्र/स्वास्थ्य शिक्षा र जनस्वास्थ्यमा आबद्ध विद्यार्थी ।

निर्माण तथा स्तरोन्नति, सञ्चार प्रविधि तथा पर्यटन कार्यक्रम : इन्जिनियरिङ तथा सञ्चार र सूचना शिक्षामा आबद्ध विद्यार्थी ।

प्राकृतिक सम्पदा प्रवर्धन कार्यक्रम : विज्ञान तथा प्रविधि र वन विज्ञानमा आबद्ध विद्यार्थी ।

उपरोक्त वा आवश्यकता अनुसार चयन गरिएका क्षेत्रमा सहयोग र समन्वयका लागि सहयोगी निकायका रूपमा विश्वविद्यालय/प्रतिष्ठान, सम्बन्धित डिन कार्यालय, सम्बन्धित क्याम्पस, राज्य संयन्त्र (स्थानीय निकाय/प्रदेश), विश्वविद्यालय अनुदान आयोग तथा विभिन्न निजी क्षेत्रलाई समेट्न सकिन्छ ।

राज्यको सहयोगमा कमाउँदै-पढ्दै कार्यक्रम देशका सातै प्रदेश र सो अन्तर्गतका स्थानीय निकायमा रहेका उच्च शिक्षालयले काममा आधारित शिक्षाका रूपमा स्नातक तथा स्नातकोत्तर अध्ययनरत विद्यार्थीलाई संलग्न गराइने गरी व्यवस्था गर्न सकिन्छ ।

कमाउँदै-पढ्दै कार्यक्रमबाट विद्यार्थीलाई आत्मसम्मान हुनुका साथै आर्थिक राहत एवं काममा खट्ने बानीको विकास हुने छ । अभिभावकलाई पनि छोराछोरीले केही गरिखाने सिपमूलक शिक्षा सिक्दै छ वा सिक्छ भन्ने विश्वास लाग्ने छ । अभिभावक र विद्यार्थीलाई कमाउन विदेशै जानु पर्छ भन्ने भ्रम हट्नुका साथै स्वदेशमै गरिखाने काममा जोडिने प्रवृत्तिको विकास हुन्छ । कमाउँदै-पढ्दै कार्यक्रमले भविष्यका लागि युवाको शैक्षिक र आर्थिक उन्नतिलाई गति दिन्छ । वयस्कलाई आफ्नो घरको अर्थ व्यवस्थाको व्यवस्थापन गर्न पनि यस प्रकारका कार्यक्रमबाट राहत पुग्ने छ ।

भविष्यका कर्णधार विद्यार्थीलाई श्रमयुक्त शिक्षामा जोड्न कमाउँदै-पढ्दै कार्यक्रममार्फत नेतृत्वदायी भूमिकामा ल्याउन सकिन्छ । भोलिका कर्णधारलाई पनि देशमै केही गर्न सकिने रहेछ भन्ने आभास दिलाउन सकिने छ ।

हामी नेपाललाई कृषिप्रधान देश भन्ने गर्छौं । पेसामा प्रायः हामीले कृषि लेख्छौं पनि तर तदनुकूलको काम हुन सकेको छैन । मुलुकभर अधिकांश खेतीयोग्य जमिन बाँझै छन् । यसको उपयोग गर्न राज्यले विशेष कार्यक्रम ल्याउन सक्छ । यहाँ विद्यार्थीलाई सिपमूलक शिक्षासँग जोड्ने कुरा भइरहेको छ । हाम्रा विद्यालय, विश्वविद्यालयसँग पनि प्रशस्त जमिन छ, उक्त जमिन भाडामा दिएर पनि त्यसको उपयोग गर्न सकिन्छ । कृषि तथा बागवानी, पुष्प खेती, पशुपालन, भेटेरिनरी, मौरीपालन, चराचुरुङ्गी (पन्छी) र हाम्रो स्नातक तथा स्नातकोत्तर पाठ्यक्रमले निर्दिष्ट गरेका विविध उत्पादनमुखी शिक्षा प्रदायक पठनपाठनको व्यवस्था छ । उक्त विषयवस्तुको पठनपाठन भइरहेका क्षेत्रमा रहेका विद्यालय, क्याम्पसहरूले आफ्नै जग्गा भाडामा दिएर हिउँदे, बर्खे तथा बेमौसमी तरकारी तथा फलफूल खेती गर्न सक्छन् । भाडामा लिने कृषक र यसबारे जान्न चाहने अन्य कृषकलाई बिउबिजन छनोट, सिँचाइ तथा कुलो, नहर, मलखादको मात्रा निर्धारण, कीटनाशक विषादीको प्रयोग र प्रभाव, नर्सरी निर्माण, गोठ, खोर आदि बनाउँदा आवश्यक पर्ने पर्यावरणबारे जानकारी गराउन सकिन्छ । घामपानीको उपलब्धतालगायत विभिन्न वैज्ञानिक सल्लाह, ज्ञान, सिप र प्रेरणा दिन सकिन्छ । सोबापत तत् क्षेत्रका कृषि उद्यमी, व्यवसायीलाई सहज रूपमा हाम्रा स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थी भाइबहिनी तथा छोराछोरीलाई सिप र ज्ञानका लागि प्रत्यक्ष रूपमा फिल्डमै पठाउन सकिन्छ । त्यसबाट प्रयोगात्मक अभ्यास मात्रै नभई किसानलाई पनि सहयोग पुग्ने छ । यस्तो अभ्यासले पढाइलाई आयआर्जनसँग जोड्ने छ ।

शिक्षण तथा शिक्षा अध्ययन गरिरहेका वा सो खेत्रमा रुचि राख्ने स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पस र विद्यालयको आपसी समन्वयमा नयाँ शिक्षणतर्फ लाग्दै गरेका नयाँ शिक्षकलाई तालिम दिन, शिक्षण विधि र शिक्षण सामग्री निर्माण गर्ने सिपको ज्ञान दिन र शिक्षक अभाव भएका ठाउँमा गएर पढाउने काम गरी सहयोग गर्न सक्छन् । क्याम्पसले अभ्यास शिक्षणमा विद्यार्थीलाई विद्यालयमा पठनपाठन गर्न पठाइ शिक्षकको अभाव पूरा गर्न सक्छन् । यसरी सिकारुको रूपमा जाने शिक्षकले आफूले सिक्ने क्रममा सहुलियत दरमा पनि पठनपाठन गर्ने भएकाले यसबाट विद्यालय तथा सिकारु दुवैलाई फाइदा पुग्ने छ । यसबाट सो विद्यार्थीमा कामको लगाव बस्छ । यसरी विविध क्षेत्रका लागि कार्ययोजना बनाउँदै पालैपालो विद्यार्थीलाई कर्म क्षेत्रमा खटाई कामप्रति प्रेरणा जगाई विद्यार्थीले सिकेको ज्ञानसँग श्रमलाई जोड्न सकिन्छ ।

व्यवस्थापन विषय अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पस/विद्यालय र जनशक्ति चाहिने निकायको आपसी समन्वयमा कार्यालय व्यवस्थापन, लेखा प्रणालीमा सहयोग गर्न नयाँ व्यवस्थापकलाई तालिम दिन, कार्यालय सञ्चालन विधि र कार्यालयमा जरुरी अन्तरिक नेटवर्किङ तथा सामग्री निर्माण गर्ने सिपको ज्ञान दिन र कार्यालयमा आवश्यक जनशक्तिको रूपमा रहेर सहयोग गर्न सक्छन् । इन्जिनियरिङ अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पसमा चाहिने विकास निर्माण तथा संरचना निर्माण गर्न र अन्य निकायमा क्याम्पसले समन्वय गरी आधारभूत सिपको ज्ञान दिन र विकास निर्माणमा सहयोग गर्न सक्छन् ।

जस्तै भवन निर्माणका लागि माटो परीक्षण, मापदण्ड निर्धारण, गुणस्तर निर्धारण, कारखानामा लेथलगायतका मसिन सञ्चालन, औजार निर्माण, सामान्य बिजुली जडान, सर्किट निर्माण, सर्वे गर्न, कम्प्युटरको सामान्य ज्ञान तथा जानकारी दिन सक्छन् । एप तथा सफ्टवेयर निर्माण र स्कुल तहमा प्रशिक्षण दिने आदि काममा सहयोग गर्न सक्छन् ।

मानविकी तथा समाज शास्त्र र कानुन विषय अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पसमा चाहिने कानुनी, प्रशासनिक तथा अनुशासन, सेवाग्राहीसँग गरिने सामाजिक व्यवहार, आपसी समन्वय र सद्भाव सम्बन्धमा सुसूचित गर्न र समाजमा मेलमिलाप गरी समाज सुधारका विषय ज्ञान दिन सक्छन् । विद्यालय तहमा सामाजिक तथा नैतिक विषय पठनपाठन गरी सहयोग गर्न सक्छन् । स्वास्थ्य तथा शारीरिक र चिकित्साशास्त्र अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तरका विद्यार्थीले क्याम्पसमा चाहिने प्राथमिक उपचार गर्न, स्वास्थ्यसम्बन्धी अनुशासनको ज्ञानमूलक जनचेतना कार्यक्रम सञ्चालन गर्न, घर तथा सहर बजार र स्कुल, कार्यालयमा हाम्रा दिदीबहिनी, आमा, छोरी सबैलाई चाहिने आवश्यक घरयासी सानिटरी प्याड निर्माण गरी प्रयोगसम्बन्धी ज्ञान दिन सक्छन् । चोटपटक लागेमा सामान्य उपचार गर्न र रक्ताश्राव रोक्न, चोटपटक तथा घाउमा मलमपट्टी गर्न र सोमा प्राथमिक उपचारको ज्ञान दिन, रोगब्याधिको प्रकोप, लक्षण पहिचान तथा रोग नियन्त्रणको ज्ञान दिन, स्वास्थ्य क्लिनिक सञ्चालन गरी उपचार गर्न, सेवाग्राहीसँग गरिने सामाजिक व्यवहार, आपसी समन्वय र सद्भावबारे सुसूचित गर्न मद्दत गर्छन् । विद्यालय तहमा स्वास्थ्य विषय पठनपाठन र शारीरिक तन्दुरुस्तीका लागि योग, व्यायाम, शारीरिक अभ्यास गराउन, फिजिओ थेरापी, बालबच्चा रेखदेख तथा अध्ययन गृह सञ्चालन आदि जस्ता ज्ञान सिप उपलब्ध गराई सहयोग गर्न सक्छन् । साथै महामारीको समयमा सुरक्षित स्वास्थ्यको कार्यक्रम चलाउने जनशक्तिको रूपमा काम गर्न पनि उनीहरू सक्षम हुन्छन् ।

अहिलेको युग सम्पन्नता, स्वावलम्बी, अनुशासित, मर्यादित र स्वतन्त्रताको युग हो । त्यसैले सबै युवा जनशक्तिले आफूलाई अनुशासित, मर्यादित र दक्ष बनाउनु जरुरी छ । त्यसका लागि सरकार तथा राज्यमातहतका विभिन्न निकाय तथा विद्यालय, विश्वविद्यालयमार्फत गरिखाने खालको शिक्षाको व्यवस्था गरी सरकारको सहकार्यमा प्रयोगमा ल्याउनु पर्छ ।

गरिखाने विषयमध्ये सवारीचालक शिक्षा स्नातक तहमा सो विषय राखी तत्कालका लागि हाम्रा विभिन्न निकाय तथा विद्यालय, विश्वविद्यालयमा कार्यरत चालकलाई नै उक्त विषयको प्रयोगात्मक कक्षाका लागि प्राविधिकको रूपमा प्रयोग गर्न सकिन्छ । पछि क्रमशः ती कार्यरत चालक तथा हाम्रा योग्यता प्राप्त क्षमतावान् जनशक्तिमार्फत सवारी चालकसम्बन्धी नीति नियम, सिद्धान्तको ज्ञान र सिप दिने गरी पठनपाठन चलाउन सकिन्छ । यो विषयको पाठ्यक्रम बढीमा एक वर्षको हुनु सान्दर्भिक हुन्छ । अहिले स्वतन्त्र रूपमा खुलेका सवारीचालक सिकाइ केन्द्रबाट सिकाउने काम भइरहेको छ । सवारीचालक शिक्षाबाट चालकको समस्यालाई व्यवस्थित गर्न पनि नियामक निकायलाई सहज हुने थियो । यसो गर्न सकेमात्रै श्रमसँग शिक्षाको साइनो जोडिनेछ ।

# मेलमिलापमा न्यायिक समिति



• शक्तरप्रसाद भेटवाल

नेपाली बृहत् शब्दकोश अनुसार मेलमिलापलाई परस्परमा राम्रो सम्बन्ध वा मैत्री हुने काम, मिलजुल, मेलजोल भनेर परिभाषा गरिएको छ । मेलमिलापसम्बन्धी ऐन, २०६८ को दफा (२) को देहाय 'ज' अनुसार मेलमिलाप भन्नाले मेलमिलापकर्ताको सहयोगमा विवाद निरूपण गर्ने प्रक्रिया सम्झनु पर्छ । विज्ञहरूले 'मेलमिलाप' को शाब्दिक अर्थ पक्षहरूको साझा हित वा मिलनविन्दु भन्ने गरेका छन् । तेस्रो पक्षको उपस्थितिको सहयोगमा आपसी सहमतिमा कुनै विवादको समाधान हुने प्रक्रिया नै मेलमिलाप हो । मेलमिलापमा कानुनी आधार भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिइन्छ ।

मेलमिलाप अदालतमा मुद्दाको बढ्दो भार कम गर्ने पद्धति हो । मेलमिलाप जनतालाई छिटोछरितो न्याय दिई दीर्घकालीन रूपमा उपचार गर्ने पद्धति हो । मेलमिलाप पद्धतिबाट हुने निर्णय यथार्थमा आधारित हुने छिटोछरितो र अन्तिम हुने हुँदा झैझगडा वैमनस्य हटाउने कार्यमा यो एउटा प्रभावकारी औजार हो । मेलमिलापले समाजमा शान्ति र सद्भाव अभिवृद्धि गर्छ । मेलमिलाप (मिलापत्र) भइसकेपछि त्यसउपर उजुरी नलाग्ने, कम खर्चिलो दुवै पक्षबिच पुनः पूर्ववत् सद्भावपूर्ण सम्बन्ध स्थापना हुने हुँदा यो पद्धति प्रभावकारी मानिएको छ ।

मेलमिलापले अदालतमा लाग्ने श्रम र समयको बचत हुन्छ । मेलमिलाप सुरुदेखि अन्त्यसम्म तटस्थता, निष्पक्षता र विश्वासमा अडिएको हुन्छ । मेलमिलापमा सहज वातावरणमा वार्ता हुन्छ । पक्षहरू आफैँ प्रत्यक्ष सहभागी हुन पाउँछन् । मेलमिलाप पक्षहरूको संयुक्त निर्णय हो । मेलमिलापलाई सहजीकरण गरी उत्प्रेरणा जगाउने व्यक्तिलाई मेलमिलापकर्ता भनिन्छ । मेलमिलापसम्बन्धी ऐन, २०६८ को दफा २ को देहाय (झ) अनुसार मेलमिलापकर्ता भन्नाले पत्रहरूबिच विवादबारे छलफल गराई सहज वातावरण सिर्जना गर्न तथा सो विषयमा सहमति कायम गर्न उत्प्रेरित गर्न यस ऐनबमोजिम नियुक्त मेलमिलापकर्ता सम्झनु पर्छ ।

उक्त ऐनको दफा १२ मा मेलमिलापकर्ताले पालना गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । मेलमिलाप ऐन, २०६८ र मेलमिलापसम्बन्धी नियमावली, २०७० ले मेलमिलापसम्बन्धी धेरै कुरा संहिताबद्ध गरिएको पाइन्छ । आजभोलि तीनै तहका अदालतले मेलमिलाप केन्द्र खडा गरी प्रत्येक वर्ष मेलमिलापकर्ता सूचीकृत गरी मेलमिलाप कार्यलाई बढावा दिएको पाइन्छ । नेपालको संविधान धारा २१७ मा न्यायिक समितिको व्यवस्था गरिएको छ । त्यसमा भनिएको छ, कानुनबमोजिम आफ्नो क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने छ । उक्त न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्य रहने व्यवस्था छ । साथै नेपालको संविधानले न्याय र दण्ड व्यवस्थासम्बन्धी नीतिमा सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप मध्यस्थता जस्ता वैकल्पिक उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) मा न्यायिक समितिलाई निम्न विवादमा मेलमिलाप मध्यस्थताबाट मात्र विवादको निरूपण गर्ने अधिकार दिएको छ- सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकाघरको हकको जग्गा अर्कोले चापी मिची वा घुसाइ खाएको, सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको, पति पत्नीबिच सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गर्ने सकिने छैन । अङ्ग भङ्ग भएको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट, गाली बेइज्जती, लुटपिट, पशुपन्छी छाडा छोडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरबाही गरी अरूलाई असर पारेको, अरूको आवासमा अनधिकृत प्रवेश गरेको, अर्काको हक भोगमा रहेको जग्गा, आवाद या भोगचलन गरेको ध्वनि प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको, प्रचलित कानुनबमोजिम मेलमिलाप हुन सक्ने, व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद यस्ता विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न बाधा छैन । न्यायिक समितिमा भने हदम्याद तोकिएकोमा हदम्यादभित्र र नतोकिएकोमा त्यस्तो कार्य भएको मितिले ३५ दिनभित्र न्यायिक समितिसमक्ष निवेदन दिनुपर्ने व्यवस्था छ ।

तीन जना न्यायिक समितिका सदस्यमा बहुमतको राय न्यायिक समितिको निर्णय मानिने छ । न्यायिक समितिले आफूसमक्ष पेस भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्ने छ । मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्ने व्यवस्था छ ।

न्यायिक समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नु पर्ने व्यवस्था छ । सो अवधिभित्र मेलमिलाप हुन नसकेमा सो भएको व्यहोरा जनाई विवाद समाधानका लागि अदालत जानका लागि सम्बन्धित पक्षलाई जानकारी दिई तत्सम्बन्धी मिसिल तथा कागजात सम्बन्धित अदालतमा पठाइदिनु पर्ने कानुनी व्यवस्था छ । न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनका लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने समेत कानुनी व्यवस्था छ ।

विवादको निरूपणसम्बन्धी अन्य कार्यविधि स्थानीय कानुनबमोजिम हुने व्यवस्था छ । न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्ने व्यवस्थासमेत गरिएको छ । न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने कानुनी व्यवस्था छ ।

कार्यपालिकाले न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको तत्काल कार्यान्वयन गर्नु/गराउनु पर्ने व्यवस्थासमेत कानुनले गरेको छ । सर्वसाधारण जनताले आफ्नै घरआँगनमा आफ्ना समस्या राखी छिटो छरिता न्याय पाउन सकून् भन्ने मनसायले स्थानीय न्यायिक समितिको व्यवस्था भएको हो । न्याय सम्पादन गर्ने सिलसिलामा कार्यविधि पनि ज्यादै सरल र छोटो बनाउन जरुरी छ ।

विवाद समाधानको एउटा महत्वपूर्ण औजारको रूपमा मेलमिलापले विश्वव्यापी मान्यता पाउँदै गएको छ । मेलमिलाप जनतालाई छिटोछरितो न्याय दिई दीर्घकालीन उपचार गर्ने पद्धति हो । मेलमिलापले समाजमा शान्ति र सद्भाव अभिवृद्धि गर्छ । हाम्रो देशको विभिन्न क्षेत्र तथा समुदायको रहेका विवाद समाधानसम्बन्धी विभिन्न पद्धति (मुखिया, बडघर, पञ्चायती) लाई समयानुकूल बनाई त्यसका कमजोरी हटाई न्यायिक समितिले मान्यता दिएर सहकार्यको वातावरण बनाउन सकेमा यसले वास्तविक न्यायको प्रत्याभूति पनि गर्ने हुँदा यसतर्फ पनि न्यायिक समिति सचेत हुनु पर्छ । न्यायिक समितिले मुद्दा मामिलाको रोहमा कुनै त्रुटि गरेमा वा गर्नुपर्ने काम नगरेमा स्थानीय सरकारले कारबाही गर्न सक्ने वा नसक्ने सबै विषयमा संविधान र तत्सम्बन्धी ऐन कानुन मौन छन् ।

# अक्षय कोषमा रकम जम्मा हुने क्रम जारी



शिवसताक्षी(प्रस) ।झिलझिले माध्यमिक विद्यालयमा अक्षय कोषका लागि रकम थपिने क्रम जारी छ। यो कोषबाट हरेक वर्ष विद्यालयमा अध्ययनरत उत्कृष्ट छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिने सो विद्यालयका प्रधानाध्यापक खेम निरौलाले बताए ।अहिलेसम्म झिलझिले माध्यमिक विद्यालयको अक्षय कोषमा दुई लाख ५० हजार रकम जम्मा भइसकेको छ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ८ का विश्वराज ओझा र अम्बिकादेवी दङ्गाल ओझाले आफ्ना पितृहरूको स्मृतिमा बिहीबार १ लाख ५० हजार जम्मा गरेपछि सो कोषमा २ लाख ५० हजार रकम पुगेको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम ढुङ्गानाले अक्षय कोषमा रकम जम्मा हुने क्रम जारी रहेको बताए ।

विश्वराज ओझाले दिवंगत बुवा आमा गोकुल, नन्दमाया र विष्णुमाया ओझाको स्मृतिमा यो अक्षय कोष स्थापना गरेका हुन् । यस्तै ससुरालीतर्फ दिवंगत ससुरा बुवा नन्दलाल र सासु आमा रणमाया दङ्गालको स्मृतिमा रकम जम्मा गरिएको अक्षय कोष दाता विश्वराजले जानकारी दिए।

' अक्षय कोषबाट झिलझिले माध्यमिक विद्यालयमा कक्षा १० मा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने एक-एकजना छात्र छात्रालाई जनही पाँच / पाँच हजार छात्रवृत्ति प्रदान गर्ने

❖ बाँकी अन्तिम पृष्ठमा

# विश्व कीर्तिमानी कायम गर्न कालापत्थरमा रेस्लिङ

झापा(प्रस) । विश्वकै अग्लो स्थानमा रेस्लिङ खेलेर कीर्तिमानी कायम गर्न मे २९ अर्थात 'एभरेष्ट डे'को अवसरमा कालापत्थरमा रेस्लिङको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल सम्पन्न भएको छ ।

नेपाल महिला रेस्लिङ



फाउण्डेशनको आयोजनामा बुधबार ५ हजार ६ सय ४४ मिटरको उचाइमा रहेको कालापत्थरमा रेस्लिङको मैत्रीपूर्ण खेल सम्पन्न भएको हो । सोलुखुम्बुको खुम्बु गाउँपालिकास्थित कालापत्थरमा पहिलोपटक अन्तर्राष्ट्रिय रेस्लिङ प्रतियोगिता सम्पन्न गरिएको हो । नेपालको पहिलो महिला रेस्लर भगवती खड्का (युनिका) र अमेरिकाकी रेस्लर डानियल मोरिसन (डानी मो)बिच सम्पन्न मैत्रीपूर्ण प्रतिस्पर्धामा नेपालकी भगवती खड्का विजयी भइन् ।

रेस्लिङ खेलमार्फत विश्व कीर्तिमान बनाउने सपना देख्दै आएकी खड्काले विश्वमा हालसम्म यति उचाइमा रेस्लिङ खेल नखेलिएकाले यो विश्व रेकर्ड हुने दाबी गरिन् । हास्य कलाकारको प्रस्तुतिसहित हास्य कलाकार शिव शङ्कर रिजाल (जोगिन्दार पानवाला)ले प्रतियोगिताको कार्यक्रम सञ्चालन गरेका थिए ।

मैत्रीपूर्ण खेलमा नेपाली रेस्लर अस्मिता जुरेलीले रेफ्रीको भूमिका निर्वाह गरेकी थिइन् । कार्यक्रममा अल एराउड ट्रेक्सका एमडी सोनम शेर्पाले सहजीकरण गरेका थिए ।

# वर्षा नजिकिँदै गर्दा फेरि भारततर्फ विद्युत निर्यात

झापा(प्रस) । वर्षा यामसँगै खोला तथा नदीहरूमा पानीको बहाव क्रमिक रूपमा बढेर देशभित्रका जलविद्युत गृहहरूबाट विद्युत उत्पादन वृद्धि हुन थालेपछि भारतर्फ विद्युत निर्यात सुरू भएको छ।

नेपाल विद्युत प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत गत सोमबार (१४ जेठ रातिबाट) भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मार्केटमा



प्रतिस्पर्धी दरमा बिक्री सुरू गरेको छ।

खोला तथा नदीमा पानीको बहाव बढेसँगै प्राधिकरण, प्राधिकरणका सहायक कम्पनीहरू र निजी क्षेत्रका स्वामित्वमा रहेका जलविद्युत आयोजनाहरूको विद्युत उत्पादन वृद्धि भएर आन्तरिक माग पूरा भएपछि अतिरिक्त भएको विद्युत निर्यात सुरू गरिएको हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अहिले दैनिक रूपमा ४ सय मेगावाटको हाराहारीमा विद्युत निर्यात भइरहेको बताए।

'खोला तथा नदीमा पानीको बहाव क्रमिक रूपमा बढ्दै गइरहेकाले विद्युत उत्पादन पनि वृद्धि भइरहेको छ भने पिक समयमा आन्तरिक खपत पनि दुई हजार मेगावाट पुगेको छ, विगत ७/८ वर्षअघि दैनिक रूपमा विद्युत खपत एक/डेढ करोड युनिटको हाराहारीमा रहेकोमा हाल बढेर साढे ४ करोड युनिट पुगेको छ,' कार्यकारी निर्देशक घिसिङले भने।

'आन्तरिक माग पूरा गरी अतिरिक्त भएको एक हजारदेखि एक हजार दुई सय मेगावाट विद्युत प्रतिस्पर्धी बजार र द्विपक्षीय सम्झौता बमोजिम यस वर्ष निर्यात लक्ष्य राखिएको छ, निर्यात स्वीकृतिका लागि आयोजनाहरूको सूची भारतको केन्द्रीय विद्युत प्राधिकरणसमक्ष प्रस्ताव पठाइसकेका छौं।'

द्विपक्षीय सम्झौता बमोजिम बिहार राज्यलाई करिब २ सय मेगावाट विद्युत बिक्रीका लागि पावर ट्रेड कम्पनीसँग र करिब ४०० हरियाणा राज्यलाई बिक्री गर्न एनटिपिसी विद्युत व्यापार निगम लि-एनभिभिएनसँग सम्झौता गरी स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत प्राधिकरणमा प्रस्ताव पठाइसकेको घिसिङले उल्लेख गरे।केन्द्रीय विद्युत प्राधिकरणले हालसम्म नेपालका १५ वटा जलविद्युत आयोजनाहरूबाट उत्पादित ६५६ मेगावाट विद्युत प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिएको छ।

६५६ मेगावाटबाटै मध्यकालीन विद्युत सम्झौता बमोजिम हरेक वर्ष जुन-अक्टोबरसम्म पाँच वर्षका लागि ११० मेगावाट विद्युत एनभिभिएनलाई बिक्री गर्न स्वीकृति दिइएको छ। एनभिभिएनले उक्त विद्युत हरियाणा राज्यलाई बिक्री गर्दै आएको छ। नेपालले विद्युत रियल टाइम मार्केटमा विद्युत खरिद बिक्रीको पनि अनुमति पाएको छ। ६५६ मेगावाटमध्ये ढल्केबर-मुजफ्फपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनबाट ५८६ र ७० मेगावाट महेन्द्रनगर-टनकपुर १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ। कार्यकारी निर्देशक घिसिङले बाराको पिलुवा सबस्टेसनबाट परवानीपुर सबस्टेसनसम्मको करिब १८ किलोमिटर १३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता विस्तारका लागि एउटा सर्किट बन्द गरी तार (कन्डक्टर) बदल्ने काम भइरहेकाले वीरगञ्ज क्षेत्रका उद्योगहरूमा विद्युत आपूर्तिको केही समस्या रहेको उल्लेख गरे।

'पिलुवा-परपानीपुर प्रसारण लाइनको हालको कन्डक्टरलाई बदलेर एचटिएलएस बनाउन अहिले एउटा सर्किट बन्द गरी काम भइरहेको छ, एउटा सर्किटबाट मात्र आपूर्ति भएकाले विद्युतबाट माग नधान्ने र राति भारततर्फबाट आयात गर्न नपाउने हुँदा वीरगञ्ज करिडोरका उद्योगहरूमा विद्युत् आपूर्तिको केही समस्या छ, कन्डक्टर बदल्ने काम २/३ दिनमा सकिने छ, त्यसपछि हालको समस्या समाधान हुनेछ।'

दुवै सर्किटको कन्डक्टर बदलेपछि हालको करिब २ सय मेगावाट विद्युत प्रवाह गर्न सक्ने पिलुवा-परपानीपुर १३२ केभी प्रसारण लाइनका क्षमता डबल हुनेछ। परवानीपुर सबस्टेसनबाट भारतर्फ पनि विद्युत निर्यात हुनेछ।

# इलाम लीगमा सेमिफाइनल भिड्ने टिमको टुंगो

इलाम(प्रस) । एन्फा इलाम जिल्ला लीगको सेमिफाइनल समिकरण पुरा भएको छ । बिहिवार लीग चरणको खेल सम्पन्न भएसँगै सेमिफाइनल भिड्ने टिम पक्का भएको हो । शुक्रबार हुने



सेमिफाइनल खेलमा रेडहर्स फुटबल क्लबले मिलियन फ्रेन्डर्स क्लब (एमएफसी) पान्दाम तथा त्रिवेणी युथ क्लबले फ्रेन्डसिप युथ क्लब गोदकसंग खेल्नेछ । रेडहर्स टुँडिखेलमा सम्पन्न समूह ए को बिजेताको रुपमा र एमएफसी करफोक मैदानमा भएको खेलको समुह बीको बिजेताको सेमिफाइनल पुगेको हो । त्रिवेणी देउमाई नगरपालिकामा भएको समूह बी को बिजेताको रुपमा र फ्रेन्डसिप करफोकमा भएको समूह ए को बिजेताको रुपमा सेमिफाइनल पुगेका हुन् ।

इलामको ठुलो टुँडिखेलमा संचालित समूह ए को खेलमा क्लब ओएसिस र रेडहर्स फुटबल क्लब बिजयी भएका छन् ।

देउमाईको मंगलबारेस्थित छात्राबास खेलमैदानमा समूह बी को खेलमा त्रिवेणी युथ क्लब बिजयी बन्यो । क्लब ओएसिसले हेल्लो जस्बिरेमाथि ३-० गोल अन्तरको जित दर्ता गरेको छ । त्यसैगरी रेडहर्सले देउराली स्पोर्टिङ क्लबमाथि १-० गोल अन्तरको जित दर्ता गरेको छ । लीग चरणको खेल सम्पन्न भएसंगै समूह ए बाट ३ जितका साथ ९ अंक बटुल्दै रेडहर्स सेमिफाइनल प्रवेश गरेको छ । १ जीत, १ बराबरी र १ पराजयसंगै ४ अंकका साथ क्लब ओएसिस दोस्रो बनेको छ । समान अंक भएपनि गोल अन्तरको आधारमा देउराली तेस्रो बनेको छ । समूह ए बाट हेल्लो जस्बिरे रेलिगेसनमा परेको छ । देउरालीले रेलिगेसन जोगाउन शनिबार प्लेअफ खेल्नेछ ।

देउरालीले करफोक मैदानमा भएको प्रतियोगिताको एक टिमसंग रेलिगेसन जोगाउन खेल्ने कोशी प्रदेश फुटबल संघका उपमहासचिव पूर्ण फत्रले जानकारी दिए । उनले देउरालीको प्रतिद्वन्द्वीको बारेमा शुक्रबार टुङ्गो लाग्ने बताए ।

त्यसैगरी समूह बी अन्तर्गत बिहीवारको खेलमा माईभ्याली फुटबल क्लबलाई २-१ गोल अन्तरले हराउँदै त्रिवेणी ग्रुप च्याम्पियन भएर सेमिफाइनल प्रवेश गरेको छ । सो समूहमा १ जित र १ पराजय भोगेका माईभ्याली ३ अंकका साथ दोस्रो स्थानमा छ । २ खेलमा पराजित हेलिबोध एफसी रेलिगेसनमा परेको छ ।


## मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं १३ बस्ने श्री अंजिता चम्लागाई ले निजको नाममा दर्ता रहेको साविक दुवागडी ४ हाल मेचीनगर १३ स्थित चाआली टोल ग्राभेल मार्गमा पर्ने कि.नं २३२३ क्षेत्रफल १२६.९८ व.मि. जग्गमा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चि/उत्रर दीक्षण तर्फका सधियार श्री टिका राम कार्की मिति २०८१/०१/३१ मा साँधसधियारको नामममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिन भित्र साँध सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदी कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्होरा सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र. सं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनिका सधियारहरु |
|---|---|---|---|
| १ | साविक : दुवागढी ४<br>हालः मेनपा १३<br>कि.नं. : २३२३<br>क्षेः१२६.९८ व.मि. | ल.: ११९०० मि.मि<br>चौ.: ९४०० मि.मि<br>उ.: ४८०० मि.मि.<br>क्षेः ९७.७३ व.मि. | पूः कल्पना राणा<br>पः टिका राम कार्की<br>उः राजेश भण्डारी<br>दः बाटो |


## मेलमिलापमा...

न्यायिक समितिमा निर्वाचित पदाधिकारीले नेतृत्व गर्ने हुँदा उनीहरू निश्चय नै आफ्ना मतदाताप्रति उत्तरदायी हुनेमा कुनै शङ्का छैन । स्थानीय सरकार सञ्चालन ऐनका प्रावधान हेर्दा न्यायिक समितिलाई मेलमिलापबाट विवाद समाधान गर्न अभिप्रेरित गरेको देखिन्छ । विभिन्न प्रचलित अन्य ऐनहरूले पनि न्यायिक समितिलाई विभिन्न अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले अनिवार्य मेलमिलाप विधिमा जान जोड दिएबाट यस ऐनले मेलमिलापको अभ्यासमा नवीनतम मान्यतालाई आत्मसात् गरेको कुरालाई नकार्न मिल्दैन । स्थानीय तह न्यायिक समितिको प्रभावकारी सञ्चालनका निम्ति थप कानुन बनाउन पाउँछन् । थोरैले मात्र यसको अभ्यास गरेको देखिन्छ ।

न्यायिक समितिलाई भौतिक पूर्वाधारको अभाव, विज्ञताको अभाव निर्णयको अभिलेख राख्ने संरचनाको अभाव, मेलमिलाप केन्द्रको अभाव गोपनियता राख्ने प्रणालीको अभाव, कानुनी सहायताको अभाव दक्ष मेलमिलापकर्ताको अभाव आदि थुप्रै चुनौती छन् । उपरोक्त चुनौती सामना गर्दै न्यायिक समितिका सदस्यको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमसमेत सम्बन्धित पालिकाले ल्याउन सकेमा नै न्यायिक समिति प्रभावकारी बन्ने छ । यसबाट न्यायिक समितिका सदस्यले दलभन्दा धेरै माथि उठी निष्पक्ष, विवेकी भई विवादको निरूपण गर्न सक्षम हुने छन् । यसो भएमा नै न्यायिक समितिको गरिमा अझ बढ्ने छ । यसरी न्यायिक समितिले गराउने मेलमिलापले पक्षहरूमा 'जित जित' को भावना अभिवृद्धि गराई राष्ट्रमा शान्ति र अमनचयनसमेत कायम गराउन सकिने छ । यसका लागि राजनीतिक दलहरू बुद्धिजीवी, सञ्चारकर्मी, कानुन विज्ञ, समाजशास्त्री, धर्म गुरु र नागरिक समाजको समन्वयात्मक र सद्भावपूर्ण सहयोग अत्यावश्यक छ ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
कँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आईः ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।

**वृष** आँटेको र ताकेको कार्य पुरा होला। आर्जनका क्षेत्रमा सुधार आउनेछ।

**मिथुन** निर्णायक क्षमतामा कमी आउनेछ। स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ।

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ। नयाँ कार्यको योजना बन्नेछ।

**सिंह** आज शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। पार्टी तथा सेमिनारमा सहभागी भइएला।

**कन्या** आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ। दैनिक कार्यमा प्रगति हुनेछ।

**तुला** आज शरीर भारी र मन अस्थिर रहने संकेत देखिन्छ। घरायसी विवाद समेत

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ।

**धनु** आज मान प्रतिष्ठामा वृद्धि हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ।

**मकर** आज बन्धुबान्धवबाट सहयोग मिल्नेछ। राजनैतिक कार्यमा सफलता पाइएला।

**कुम्भ** आज आफन्त व्यक्तिसँग विवाद पर्ने सम्भावना छ। गर्न खोजेका काममा

**मिन** आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। बोलीको प्रभाव बढ्नेछ।